# यातनासम्बन्धी कानुनका दुई पाटाहरु : प्रतिवद्धता र कार्यान्वयनको अपेक्षा

# विषयक अन्तरक्रिया कार्यक्रमको रिपोर्ट

१. कार्यक्रमको परिचय र सन्दर्भ
२. यातनासँग सम्बन्धित विविध प समीक्षा र वर्तमान अवस्था

२.१ यातनाविरुद्ध नेपाल कानुन

२.२ यातना र अदालत
२.३ न्यायाधीश यातना र सकारात्मक पक्ष
२.४ यातना र अनुसन्धान गर्ने निकाय
२.५ यातनाको समस्या सम्बोधन गर्न असफल कानुनी प्रणाली
२.६ कानुनी उपचार पीडित र अप्ठ्याराहरु
३. निष्कर्ष तथा सुझाव

३.१ निष्कर्ष

३.२ सुझाव

**अनुसूचिहरु**

**अनुसूचि १**
डा. शंकरकुमार श्रेष्ठद्वारा प्रस्तुत कार्यपत्र यातनासम्बन्धी कानूनका दुई पाटा : प्रतिवद्धता र कार्यान्वयनको अपेक्षा

**अनुसूचि २**
**विज्ञहरुको विचार**

## यातनासम्बन्धी कानुनका दुई पाटाहरु : प्रतिवद्धता र कार्यान्वयनको अपेक्षा

# विषयक अन्तरक्रिया कार्यक्रमको रिपोर्ट

११ असार २०६४ (२५ जुन २००७)

### १. कार्यक्रमको परिचय र सन्दर्भ

यातना पीडितहरुको सहयोगार्थ संयुक्त राष्ट्रसंघीय अन्तर्राष्ट्रिय दिवस (United Nations International Day in Support of Victims of Torture, 26th June) को पूर्वसन्ध्यामा मानव अधिकार तथा प्रजातान्त्रिक मञ्च (FOHRID) द्वारा अन्तरक्रिया कार्यक्रमको आयोजना गरिएको थियो । सो कार्यक्रममा डा. शंकरकुमार श्रेष्ठ (पीडितशास्त्री) द्वारा यातनासम्बन्धी कानुनका दुई पाटाहरु : प्रतिवद्धता र कार्यान्वयनको अपेक्षा विषयक कार्यपत्र प्रस्तुत गरिएको थियो । सो कार्यक्रममा अधिवक्ता रविन्द्र भट्टराई, डा. सुन्दरमणि दीक्षित, प्रदीप पोखरेल, अनिता सापकोटा (चापागाइँ), अधिवक्ता टीकाराम पोखरेल, अधिवक्ता सन्ध्या बस्नेत, हरिबहादुर कार्की (अजर नेपाल) ले यातना सम्बन्धी विद्यमान कानुनी तथा अन्य समस्याहरुका बारेमा विज्ञ विचार प्रस्तुत गर्नुभएको थियो । सो कार्यक्रमको मुख्य उद्देश्य वर्तमान नेपालमा यातनासँग सम्बन्धित विविध विषयहरुमा रहेका कमी कमजोरीहरुलाई समीक्षा गर्नु रहेको थियो ।

### २. यातनासँग सम्बन्धित विविध प समीक्षा र वर्तमान अवस्था

## २.१ यातनाविरुद्ध नेपाल कानुन

नेपालले यातना सम्बन्धी महासन्धिको अनुमोदन गरेको १६ र यातना क्षतिपूर्ति ऐन बनाएको पनि ११ वर्ष पुगिसकेको छ । सरकारमा बस्ने कमैलाई थाहा होला, यातनाविरुद्ध प्रतिबद्धता जनाएको ३४ वर्ष पुगिसकेको छ । सन् १९७३ मा स्वीडेनले राष्ट्र संघ महासभाको तेस्रो समितिसमक्ष मस्यौदा प्रस्ताव पेश गर्दा त्यसमा नेपालले समर्थन जनाएको थियो । यातनाविरुद्धमा प्रतिबद्धताको दृष्टिकोणबाट हेर्ने हो भने नेपाल विश्वका पहिला ७ वटा मुलुकहरुमध्ये पर्छ ।

यातनालाई २०४७ को संविधानले पहिलोपटक निषिद्ध गऱ्यो । तर 'क्षतिपूर्ति कानुनले तोकेबमोजिम' दिने भनेकोले त्यो अधिकारको उपभोग गर्न ०५३ सालसम्म कुर्नुपऱ्यो । धेरैतिरको दबाबपछि संसद्ले यातना क्षतिपूर्ति ऐन बनाए पनि यातनाविरुद्धको महासन्धिका महत्वपूर्ण व्यवस्थाको बेवास्ता गऱ्यो । सन्धि ऐनले नेपालले अनुमोदन गरेका सन्धिका व्यवस्थाहरुसँग कानुन बाझिएमा सन्धिकै व्यवस्था लागू हुने व्यवस्था गरे पनि त्यो राम्रोसँग लागू हुन सकेको छैन । अहिले हामीसँग संविधान, कानुन र महासन्धि तीनवटै कानुन छन् र पनि उचित कानुनी उपचार पाउन भने अझै कठिन छ ।

## २.२ यातना र अदालत

यातनाको विषयमा पहिलोपटक सर्वोच्च अदालतले ०२८ सालमा श्रीकृष्ण श्रेष्ठको मुद्दामा 'अनियमितताको कारणले कारागारको यातना भोग्नु सानो कुरा होइन' भनेर बोल्यो, जुन बेलामा कानुनले यातनालाई निषिद्ध कार्यभित्र राखेको थिएन । त्यस बखतमा बोले पनि त्यसले निरन्तरता पाउन सकेन । त्यसपछि एकैपटक २०४८ सालमा आएर पूर्णबहादुर छन्तेलको मुद्दामा बोल्यो तर दुःखको कुरा त्यसबखतमा यातनालाई संविधानले नै निषिद्ध गरिसकेको भए पनि र त्यही संविधानका निर्मातामध्येकै न्यायाधीशकोमा मुद्दा परेको भए पनि अहिले कानुन बनिनसकेकोले कानुन बनेपछि लागू हुने भनी तर्किए ।

प्रहरी ऐनको प्रहरी कर्मचारीलाई थकान र शारीरिक पीडा पुग्ने सजाय दिने व्यवस्था संविधान तथा सन्धिसँग बाझियो भनेर हालेको मुद्दामा मानव अधिकारवादी नै मानिएका न्यायाधीशबाट प्रहरी संगठनको लागि त्यो सजाय चाहिन्छ, भनेर रिट खारेज गरियो भने एक लाख रुपैयाँ क्षतिपूर्तिले कठोर यातना दिइएका पीडितको लागि पुग्दैन । त्यसैले ऐनमा एक लाख भन्ने शब्द यातनाविरुद्धको महासन्धिको धारा १४(२) सँग मेल खाँदैन भनेर दिएको मुद्दा सन्धिको व्यवस्थाको गलत व्याख्या गर्दै खारेज गरियो । त्यस्तै प्रहरीले पक्राउ गर्ने वित्तिकै जुन अभियोगमा समातिएको हो, त्यो अभियोग लेखेर छातीमा टाँस्न लगाई फोटो खिचेर प्रदर्शन गर्नुका साथै सञ्चारमाध्यमलाई बोलाएर अपराधीकै रुपमा चित्रित गर्ने प्रहरीको कार्य मानव अधिकारको विश्वव्यापी घोषणापत्र, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी महासन्धि, यातना विरुद्धको महासन्धि, अपराध अन्तिम रुपमा प्रमाणित नभएसम्म निर्दोष मानिने फौजदारी न्यायको सिद्धान्त तथा त्यसैमा आधारित सर्वोच्च अदालतका ६७ वटा नजिरको सूची नै तयार गरेर दर्ता गरेको निवेदन पनि खारेज गरियो ।

जिल्ला अदालतहरुको कुरा गर्दा अझै पनि मन कुँडिएर आउँछ । काठमाडौं जिल्ला अदालतमा यातना क्षतिपूर्ति मुद्दा दर्ता गर्न लैजाँदा तत्कालीन स्रेस्तेदारलाई यातना क्षतिपूर्ति मुद्दा फौजदारी मुद्दा हो, कोर्ट फि लाग्दैन भनेर अनुनय-विनय गर्दा पनि कोर्ट फि नलिई मुद्दा दर्ता गर्न इन्कार गरे र त्यसको विरुद्धमा निवेदन दिएपछि मात्र मुद्दा दर्ता हुनसक्यो । उनीसँग त्यो फौजदारी मुद्दा हो भन्ने ज्ञान पनि थिएन र बुझाउँदा मात्र पनि तयार थिएनन् । त्यसैको परिणाम थियो, त्यो मुद्दामा कोर्ट फि राख्नैपर्छ भन्ने गैरकानुनी लिँढेपिढी ।

## २.३ न्यायाधीश यातना र सकारात्मक पक्ष

सुरुमा न्यायाधीशहरुसँग पनि पीडितको शारीरिक तथा मानसिक जाँच गराउन निकै पौंठेजोरी खेल्नुपरेको थियो । शारीरिक तथा मानसिक जाँचको लागि जहिले पनि वीर अस्पतालमा पठाउने र प्रहरीले इमरजेन्सीमा लगी केही पनि नभएको रिपोर्ट लिएर आउने कार्य भए । शिक्षण अस्पतालको फरेन्सिक विभागबाट जँचाइपाउन अनुरोध गर्दा पनि सफल भइएको थिएन । यातना पीडितलाई न्याय दिने विषयमा विशेषगरी तीनजना न्यायाधीशको नाम उल्लेख गर्नुपर्ने हुन्छ, जसले न्यायको लागि सकारात्मक बाटो निर्माण गरिदिनुभयो । सुषमालता माथेमाबाट पीडितको जाँचको लागि वीर अस्पताल पठाउने पुरानो प्रवृत्तिबाट मुक्ति दिई शिक्षण अस्पतालमा पठाउने पहिलो आदेश भयो । ओम प्रकाश मिश्रबाट एकपटक प्रहरीले यातना पाएको छैन भनेर प्रतिवेदन ल्याए पनि पुनः शिक्षण अस्पतालको फरेन्सिक विभागबाट जँचाउन आदेश गरी प्रहरीलाई यातना लुकाउन रोक्ने आदेश गर्नुका साथै एउटै विषयमा दोहोरो आदेश गरी यातना दिए नदिएको यकिन गर्न पाइने मूलबाटो खोल्नुको अतिरिक्त पहिलोपटक कानुनले दिनसक्ने उच्चतम रकम एक लाख नै क्षतिपूर्ति दिलाउने फैसला भयो । शिवनारायण यादवले पहिलोपटक मानसिक यातनालाई अदालती मान्यता प्रदान गरी शारीरिक चोटपटक नभए यातना नमानिने पुरानो अदालती प्रवृत्तिविरुद्ध फैसला गरी निकै अगाडि पुऱ्याइदिनुभयो । काठमाडौं उपत्यका बाहिरका कतिपय न्यायाधीशहरुले पनि उदाहरणीय फैसला गर्नुभएको छ ।

समग्रमा भन्ने हो भने यातना सम्बन्धी मुद्दामा मानवअधिकारलाई सम्मान गर्ने न्यायाधीशकोमा परे पीडितले न्याय पाउने र अन्यकोमा परे पीडितका प्रशस्त घाउचोटै देखिए पनि छलिने गरेका उदाहरण प्रशस्त छन् । तसर्थ यातनासम्बन्धी मुद्दालाई लिएर निष्कर्ष निकाल्दा कानुन अनुसारको न्याय नभई न्यायाधीश अनुसारको न्याय भन्ने देखिएको छ ।

## २.४ यातना र अनुसन्धान गर्ने निकाय

माओवादी जनयुद्ध सुरु भएपछि यातनाको मात्रा गुणात्मक र संख्यात्मक रुपमा वृद्धि भयो । अघिपछि यातना दिनेमा प्रहरीमात्र आए पनि सेना चलेपछि सेनाको यातना र क्रूरता लेखिसाध्य छैन । त्यस्तै माओवादीको यातनाको अध्याय अर्कै छ । यहाँ चर्चाको विषय मुद्दाको अनुसन्धानको क्रममा वा पक्राउ गरेर थुनामा राखी दिइने यातनाको हो । यसै क्रममा प्रहरी र वनपाले तथा आरक्ष र निकुञ्ज रक्षकहरुको यातनाबाट थुप्रै नेपालीले ज्यान गुमाइसकेका छन्

प्रहरीलाई विभिन्न कानुनहरुले मुद्दा अनुसन्धान गर्ने जिम्मा दिएको हुनाले प्रहरीबाट दिइने यातनामा निरन्तरता छ । मानव अधिकारवादी र अदालतहरुले यातनाको विषयलाई गम्भीर रुपमा लिन थालेपछि अहिले प्रहरीले यातनाको रुप परिवर्तन गरेका पनि केही उदाहरण पाइएको छ । आश्चर्य लाग्ने कुरा के छ भने कानुनको कार्यान्वयन गराउने कर्तव्य भएको निकाय किन कानुनको उल्लंघन गर्छ ?

**२.५ यातनाको समस्या सम्बोधन गर्न असफल कानुनी प्रणाली**

नेपाल यातनालाई निषेध गर्ने नागरिक एवम् राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, बालअधिकार सम्बन्धी महासन्धि र यातना तथा अन्य क्रूर अमानवीय अपराधका बाबजुद यसलाई कार्यान्वयन गर्ने नेपालको प्रयास धेरै अपर्याप्त छ । यातनाको अन्तर्राष्ट्रिय निषेधलाई स्थानीय रुपमा नियमित कानुनी प्रावधानहरु पनि गहन छैनन् साथै तिनको कार्यान्वयन अवस्था अत्यन्त फितलो छ र स्वतन्त्र हिरासत अनुगमन तथा यातना अभियोगको स्वतन्त्र अनुसन्धानको कमी छ । यस बाहेक नेपालको प्रचलित कानुनले यातनापीडितलाई कानुनी उपचार प्राप्त गर्न साथै पीडकलाई आपराधिक कृत्यको लागि जिम्मेवार बनाउन पर्याप्त अवसर प्रदान गर्दैन ।

नेपालमा यातना निषेध नियमित गर्ने कानुनहरुमा अन्तरिम संविधान र यातनासम्बन्धी क्षतिपूर्ति ऐन मुखय छन् । गत सालको अन्त्यतिर जारी भएको अन्तरिम संविधानले नेपालमै पहिलो पटक यातनालाई अपराध मानेको छ । यसले सरकारी हिरासतमा थुनुवा केन्द्रमा दिइएको यातनालाई मात्र कसुर मान्दछ जबकी यातना विरुद्धको महासन्धि बमोजिम नेपालको भौगोलिक क्षेत्राधिकारभित्र कुनै अधिकारीले दिएको वा दिन लगाएको यातनाको घटनालाई अपराध मान्नु पर्ने दायित्व नेपाललाई छ । यसका अतिरिक्त यातनासम्बन्धी क्षतिपूर्ति ऐनले अन्तर्राष्ट्रिय मापदण्डहरुसँग मेल खाने अत्यन्त सीमित प्रावधानहरुलाई मात्र समेट्न सकेको छ । यसले यातनालाई कसुरसम्म पनि मानेको छैन जुन अन्तरिम संविधानसँग बाझिन्छ । यो कानुनले यातनाकारीलाई संस्थागत कारवाही गर्न बाध्य पार्दैन, बरु पीडकलाई घटुवा गर्ने, वा निलम्बन गर्ने वा ढिलो पदोन्नति गर्ने जस्ता विभागीय कारवाही गर्न अह्राउँछ

पीडकहरुलाई यातना दिनबाट रोक्न नेपालमा यातनालाई नियमित सम्बोधन गर्न बनेका कानुन एवम् निकायहरुको पूर्ण कार्यान्वयन गरिएको छैन । अपर्याप्त नै भएपनि यातनासम्बन्धी क्षतिपूर्ति ऐन तथा अन्तरिम संविधानका प्रावधानहरुको समेत कार्यान्वयन नभएको अवस्था छ । यातनासम्बन्धी विशेष समाधिक्षकको नेपाल भ्रमणको प्रतिवेदनलाई हेर्ने हो भने पनि प्रहरी, सशस्त्र प्रहरी बल वा -शाही) नेपाली सेनाले समयमै कानुन व्यवसायीसम्मको पहुँच, गिरफ्तार गरेको २४ घण्टा भित्रै न्यायाधीश समक्ष दाखिला वा गिरफ्तार पर्दा वा सरुवा गर्दा गरिनुपर्ने स्वास्थ्य जाँच जस्ता आधारभूत कुरा समेतको सम्मान गर्न नसकेको उल्लेख छ ।

यातना लगायत मानव अधिकार उल्लंघनका घटनाको अनुगमन र त्यसमा आवश्यक कारवाहीको लागि प्रभावकारी निकायको अभावमा यहाँ विद्यमान रहेको दण्डहीनताको संस्कृतिलाई अझ बल मिलेको छ । राष्ट्रिय मानव अधिकार आयोगलाई मानवअधिकार उल्लंघनका घटनामा संलग्नलाई कारवाही गर्ने वा पीडितलाई क्षतिपूर्ति दिन सरकारलाई सिफारिस गर्ने अख्तियारी भएपनि कतिपय घटनामा हस्तक्षेप गर्न आयोगको पहुँचलाई सरकारले अस्वीकार गरेको छ । यसका अतिरिक्त आयोगले प्रस्तुत गरेका सिफारिसहरुलाई सरकारले विरलै मनन् गर्ने गरेको छ ।

**२.६ कानुनी उपचार पीडित र अप्ठ्याराहरु**

प्रथमतः राज्यले पीडित साक्षीलाई सुरक्षा प्रदान गर्दैन जसलाई पीडितले भविष्यमा सांघातिक क्षति पुऱ्याउने धम्की दिइरहेको हुन्छ । दोस्रो, पीडितलाई कानुनी उपचारको बारेमा जानकारी नभएको हुन सक्छ । साथै भौगोलिक विकटताले गर्दा कानुन व्यवसायीसँग परामर्श लिने र आफ्नो दावी प्रस्तुत गर्न पनि कठिन छ । तेस्रो आफूले यातना पाएको वा थुनामुक्त भएको ३५ दिनभित्रै यातना क्षतिपूर्तिको दावी प्रस्तुत गर्नुपर्ने कानुनी व्यवस्थाले पीडितलाई आफूसँग भएको अन्यायको विरुद्धमा कानुनी उपचार खोज्ने आवश्यक अवसर प्रदान गरेको छैन । चौथो, अन्तरिम संविधान तथा यातना सम्बन्धी क्षतिपूर्ति ऐन पीडितको पुनःस्थापनाको आवश्यकता सम्बन्धमा मौन छन् । पाचौं, यातना सम्बन्धी ऐन अन्तर्गत दिइने सहायताले मानव अधिकार उल्लंघनका पीडितहरुको आवश्यकतालाई सम्बोधन गर्न सकेको छैन । यी सबे कमीकमजोरी बाहेक यातना सम्बन्धी क्षतिपूर्ति ऐनको अदालतले कसैले पर्याप्त आधारविना यातना क्षतिपूर्तिको लागि उजुरी दिएको पाएमा त्यस्तो उजुरी गर्ने पक्षलाई जरिवाना गरिने प्रावधानले राहतको खोजी गर्न चाहने संभावित पीडितलाई हतोत्साही तुल्याएको छ ।

## ३. निष्कर्ष तथा सुझाव

### ३.१ निष्कर्ष

मानिसको सबैभन्दा महत्वपूर्ण अधिकार जीवनको अधिकार हो । यातनाले जीवनको अधिकारमा प्रत्यक्ष असर पार्छ र यसले सामाजिक मर्यादालाई पनि नकारात्मक असर पुऱ्याउँछ । यातनाको असर पीडितमा मात्र हुँदैन । यातना पाउने व्यक्ति पहिलो पीडित हुन्छ । दोस्रो यातना दिने स्वयम् हुन्छ किनभने यातना स्थापित भएपछि ऊ पनि सजायको भागी हुन्छ । तेस्रो असर यातना दिएर बयान गराइएको मुद्दामा यातना दिएको ठहर भए पनि उसले बोलेका कुरा प्रमाणित लाग्दैनन् । त्यसैले साँच्चै अपराध गरेको भए पनि यातना दिएको कारणबाट मुक्ति पाउँछ र कानुनी सजायँबाट बच्छ । र चौथो जनताले तिरेको करबाट भरिने राज्यको ढुकुटीबाट सरकारले क्षतिपूर्ति गर्नुपर्दा त्यसको अप्रत्यक्ष असर सबै जनतामा पनि पर्छ र सरकार स्वयम् अपराधीपालकको रुपमा हुन्छ । त्यसैले यातना दिएर फाइदा कसलाई भयो र यातना दिने कार्य नरोकने ? सम्बन्धितहरुले यिनै कुरालाई मनन गरेर यातना विरुद्ध वास्तविक रुपमा प्रतिवद्ध बनुन् । एक दुई लाठी पनि नहान्ने भए किन पक्राउ गर्ने भन्ने मानसिकताबाट बाहिर आई मानिसको जीवनको अमूल्य अधिकारको सम्मान गर्न सिकून ।

यातना सम्बन्धी कानुनको कार्यान्वयनमा राज्य, अदालत र कानुन कार्यान्वयन गर्ने निकायको भूमिका महत्वपूर्ण हुन्छ । यी निकायहरुबाट यातनाका विरुद्धमा भएका कानुनहरुको प्रभावकारी कार्यान्वयन भएमा यातना नियन्त्रण हुन सक्छ ।

३.२ सुझाव

१. यातना सम्बन्धी क्षतिपूर्ति ऐन २०५३ लाई खारेज गरी नयाँ यातना सम्बन्धी क्षतिपूर्ति ऐनका तर्जुमा गर्नुपर्दछ ।
२. यातना विरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धिको ऐच्छिक आलेखलाई नेपाल सरकारले तुरुन्त अनुमोदन गर्नुपर्दछ ।
३. प्रहरी लगायत अनुसन्धान निकायलाई तालिम उपलब्ध गराउनु पर्दछ ।
४. पीडितको न्यायलाई सुनिश्चित गर्न दण्डहीनताको संस्कृतिको अन्त्य गरिनु पर्दछ ।
५. यातना पीडितका मुद्दाहरुलाई न्यायालयले अग्राधिकार दिइ हेर्नुपर्दछ ।

**अनुसूचिहरु**

**अनुसूचि १**

**डा. शंकरकुमार श्रेष्ठद्वारा प्रस्तुत कार्यपत्र**

## यातनासम्बन्धी कानूनका दुई पाटा : प्रतिवद्धता र कार्यान्वयनको अपेक्षा

**- डा.शङ्कर कुमार श्रेष्ठ**

मानव हुनुको अर्थ र परिणाम भनेको वैयक्तिक नभएर मानव जातिको समग्र हितमा सकारात्मक प्रभाव पार्ने विषय हो, तसर्थ मानव सभ्यताको नाममा जेजति कामहरु गरिन्छन्, ती सबै कामहरु मानवलक्षित हुनुपर्छ । मानव हित नहुने मानव निर्मित कुनै पनि खालका कार्यलाई स्वागतयोग्य कदापि मान्न सकिन्न ।

यातनासित सम्बन्धित कानूनको सानिध्यमा रहेर माथि वर्णित सन्दर्भबारे छलफल गर्नु आजको आवश्यकता हो ।

### पहिलो पाटा

### मूल उद्देश्य

(क) कुनै व्यक्तिलाई पनि यातना दिइने छैन, क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय गरिने छैन । (मानव अधिकारसम्बन्धी घोषणापत्र, १९४८ को धारा ५) ।

(ख) स्वतन्त्रता अपहरण गरिएका सबै व्यक्तिहरुलाई मानवतासहित तथा मानिसको अन्तर्निहित मर्यादाप्रति सम्मान गर्ने किसिमले व्यवहार गरिनेछ । (नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ को धारा १० को उपधारा १) ।

**यातना भनेको के हो ?**

(क) कुनै सार्वजनिक अधिकारी वा सार्वजनिक आधिकारिक क्षमताको हैसियतले काम गर्ने कुनै व्यक्तिबाट वा निजको सहमति वा मौन सहमतिबाट कुनै व्यक्ति वा तेस्रो व्यक्तिबाट जानकारी वा साबिती लिने वा तेस्रो व्यक्तिले गरेका भनी शङ्का गरिएको कार्यको लागि दण्ड दिने वा सो व्यक्तिलाई त्रास देखाउने वा बलजफ्ती गर्ने जस्ता उद्देश्यहरुको लागि वा कुनै किसिमको भेदभावमा आधारित कुनै कारणका लागि सो व्यक्तिलाई जानीजानी दिइएको शारीरिक वा मानसिक कठोर पीडा वा कष्ट दिने कार्यलाई जनाउँछ । (यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्डविरुद्धको महासन्धी, १९८४ को धारा १) ।

(ख) अनुसन्धान, तहकिकात वा पुर्पक्षको सिलसिलामा वा अरु कुनै किसिमले थुनामा रहेको व्यक्तिलाई दिइने शारीरिक वा मानसिक यातना सम्झनुपर्छ र सो शव्दले निजसङ्ग गरिएको निर्मम, अमानवीय वा अपमानजनक व्यवहारलाई समेत जनाउँछ । (यातनासम्बन्धी ऐन, २०५३ को दफा १ को क) ।

(ग) ऐनले थुन्नुपर्ने मुद्दामा पक्राउ भएका मानिसलाई थुन्दा अन्न पानीसमेतको खानेकुरा खानपिन दिई वा ऐनबमोजिम सिधा लगाई खान दिई मात्र थुन्नुपर्छ । सोबमोजिम नगरी वा ऐनले थुन्न नहुने मानिसलाई खानपिन दिई वा नदिई थुनेमा समेत बात लाग्छ । (मुलुकी ऐन, २०२०, बेरीतसङ्ग थुन्दाको महल, नम्बर १) ।

(घ) The infliction of intense pain to the body or mind to punish, to extract a confession or information, or to obtain sadistic pleasure. (Black's Law Dictionary, Eighth Edition, Thomson, West, USA)

**कानूनी परिणाम**

(क) ... उजुरीको व्यहोरा ठीक ठहरेमा पीडित व्यक्तिलाई नेपाल सरकारबाट एक लाख रुपैयाँसम्म क्षतिपूर्ति भराइदिने निर्णय गर्न सक्नेछ । (यातनासम्बन्धी क्षतिपूर्ति ऐन, २०५३ को दफा ६) ।

(ख) यस ऐनबमोजिम यातना दिएको ठहरेमा जिल्ला अदालतले त्यस्तो यातना दिने सरकारी कर्मचारीलाई प्रचलित कानूनबमोजिम विभागीय कारवाही गर्न सम्बन्धित निकायलाई आदेश दिनेछ । (यातनासम्बन्धी क्षतिपूर्ति ऐन, २०५३ को दफा ७) ।

**यातना भनेको अपराध हो कि होइन ?**

नजिर- अर्को व्यक्तिलाई हानी पुऱ्याउने अर्थात कसूरजस्तै कार्यलाई अपराध भनिन्छ । (सर्वोच्च अदालत, पूर्ण इजलास, २०१५-१३, उत्प्रेषण) ।

**प्रश्न**

के यातनाजन्य कार्यबाट व्यक्तिलाई हानी पुगेको हुन्छ वा हुँदैन ? यदि हानी पुगेको हुँदैन भनिन्छ भने -

(क) यातनाको कारण शारीरिक चोटपटक हुनु भनेको हानी हो कि होइन ?

(ख) अपाङ्ग बन्न पुग्नु वा अङ्गभङ्ग हुनु भनेको हानी हो कि होइन ?

(ग) मानसिक रुपमा क्षतविक्षत हुनु भनेको हानी हो कि होइन ?

(घ) आर्थिक रुपमा तहसनहस हुनु भनेको हानी हो कि होइन ?

(ङ) पेशाबाट हात धुन वाध्य हुनु भनेको हानी हो कि होइन ?

(च) परिवारका सदस्यमा डरत्राश पैदा हुनु भनेको हानी हो कि होइन ?

(छ) समग्रमा मानव अधिकारको हनन हुनु भनेको हानी हो कि होइन ?

यदि हानी पुगेको हुन्छ भनिन्छ भने- यातना भनेको अपराध हो ।

**संवैधानिक व्यवस्था**

**यातना विरुद्धको हक-** (१) अनुसन्धान, तहकिकात वा पुर्पक्षको सिलसिलामा वा अरु कुनै किसिमले थुनामा रहेको कुनै पनि व्यक्तिलाई शारीरिक वा मानसिक यातना दिइने वा निजसङ्ग निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गरिने छैन ।

(२) उपधारा (१) बमोजिमको कार्य कानूनद्वारा दण्डनीय हुनेछ र त्यस्तो व्यवहार गरिएको व्यक्तिलाई कानूनले निर्धारण गरेबमोजिमको क्षतिपूर्ति दिइनेछ । (नेपालको अन्तरिम संविधान, २०६३ को धारा २६) ।

**वर्तमानमा यातनाको कानूनी अवस्था**

(क) नेपालको प्रचलित कानूनमा यातनालाई अपराध भनेर परिभाषित गरिएको छैन, यातना अपराध नभएर केवल देवानी कसूर (Civil Wrong) मात्र हो ।

(ख) यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्डविरुद्धको महासन्धी, १९८४ ले पनि स्पष्टतः यातनालाई अपराध हो भनेर परिभाषा गर्न सकको छैन ।

**प्रस्तावित अवस्था**

(क) कसैले कसैलाई शारीरिक वा मानसिक यातना दिएमा वा क्रूर, निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गरेमा त्यस्तो यातना वा व्यवहारको गाम्भीर्यता हेरी तीन वर्षसम्म कैद वा जरिवाना वा दुबै सजाय हुनेछ । (अपराध संहिता तथा फौजदारी कार्यविधि संहिताको मसौदा प्रतिवेदन, २०५८ को परिच्छेद २४, दफा २२०) ।

(ख) फोरहिडजस्ता गैरसकारी संस्थाहरुले यातनासम्बन्धी कानूनको मसौदा प्रस्ताव गरिँदा यातनालाई अपराध भनेर परिभाषित गरिएकोछ ।

(ग) नेपाल सरकारतर्फबाट पनि यस सम्बन्धमा नयाँ मसौदा तयार भएकोछ र सोमा पनि यातनालाई अपराध भनेर प्रस्तावित गरिएकोछ, तापनि सार्वजनिक नगर्ने सरकारी मानसिकताको कारण त्यसमा अन्यथा हुनसक्ने कार्यलाई स्वभावतः आशङ्का भने गर्न सकिन्छ । अर्थात, यातनालाई अपराध मान्नुपर्छ भन्ने जनमत तयार भएको प्रमाणित हुन्छ ।

**अन्तमा, यातनालाई**

(क) संविधानले दण्डनीय मानिसकेकोछ,

(ख) प्रस्तावित अपराध संहिताले दण्डनीय मानिसकेकोछ,

(ग) गैरसरकारी निकायबाट प्रस्तावित मसौदाले दण्डनीय मानिसकेकोछ,

(घ) प्रस्तावित सरकारी मसौदाले दण्डनीय मानिसकेकोछ,

(ङ) वौद्धिक जनमत तया। भइसकेकोछ ।

तसर्थ यातनालाई अपराध हो भनेर सम्बन्धित कानूनमा संशोधन गर्न हामी सबै प्रतिवद्ध हुनुपर्छ । सबैको प्रतिवद्धताको अपेक्षा यहाँ उल्लेखनीय हुन्छ ।

## दोश्रो पाटा

यातनालाई आपराधिक कार्य हो भन्ने सम्बन्धमा थप छलफलको आवश्यकता रहेन । विषयको गाम्भीर्यताको आधारमा स्वतन्त्र मानिने अदालतलाई पनि यातनासम्बन्धी विवादमा अभिलेख लिने (अभिलेख सुरक्षित र अद्यावधिक गर्नु अदालतको कर्तव्य हुन्छ) विशेष जिम्मेवारी दिएकोछ । स्मरण रहोस्, मुद्दा दर्ता गर्नुभन्दा पहिले यसरी अभिलेख जिम्मा लिने दायित्व अदालतलाई अन्य कुनै पनि विवादमा दिइएको छैन ।

**कानूनी व्यवस्था**

**यातना दिन नहुने-** (१) अनुसन्धान, तहकिकात वा पुर्पक्षको सिलसिलामा वा अरु कुनै किसिमले थुनामा रहेको कुनै पनि व्यक्तिलाई यातना दिनु हुँदैन ।

**स्पष्टीकरणः** यस उपदफाको प्रयोजनको लागि “थुनामा रहेको” भन्ने शव्दले प्रचलित कानूनबमोजिम हिरासतमा रहेको अवस्थालाई समेत जनाउँछ ।

(२) कुनै पनि व्यक्तिलाई थुनामा राख्दा वा छोड्दा सम्भव भएसम्म सरकारी सेवामा रहेको चिकित्सक र चिकित्सक उपलव्ध हुन नसकेको अवस्थामा सम्बन्धित अधिकारी आफैले शारीरिक स्थितिको जाँच गरी सोको अभिलेख खडा गरी राख्नु पर्नेछ ।

स्पष्टीकरण: यस उपदफाको प्रयोजनको लागि "चिकित्सक" भन्नाले सरकारी सेवामा रहेको डाक्टर, कविराज, हेल्थ असिष्टेण्ट, अ.हे.व. वा वैद्यसमेतलाई सम्झनुपर्छ ।

(३) उपदफा (२) मा उल्लिखित शारीरिक वा मानसिक स्थितिको जाँचसम्बन्धी प्रतिवेदनको एकप्रति सम्बन्धित जिल्ला अदालतमा पठाउनु पर्नेछ । (यातनासम्बन्धी क्षतिपूर्ति ऐन, २०५३ को दफा ३) ।

**राज्यले व्यक्तिलाई हिरासत वा थुनामा राख्नसक्ने अवस्था**

(क) अनुसन्धान,

(ख) तहकिकात,

(ग) पुर्पक्ष ।

स्मरण रहोस्, अनुसन्धान, तहकिकात र पुर्पक्षको कार्य फौजदारी मुद्दामा मात्र गर्ने गरिन्छ ।

**न्यायसम्बन्धी हक**

पक्राउ गरिएको व्यक्तिलाई पक्राउ भएको समयबाट बाटोको म्यादबाहेक चौबीस घण्टाभित्र मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित गराउनु पर्नेछ र त्यस्तो अधिकारीबाट आदेश भएमा बाहेक पक्राउ भएका व्यक्तिलाई थुनामा राखिने छैन । ( नेपालको अन्तरिम संविधान, २०६३ को धारा २४ को उपधारा ३) ।

यसको अर्थ, अधिकांश फौजदारी मुद्दामा म्याद थपनिमित्त पक्राउ भएको व्यक्तिलाई पक्राउ भएको समयबाट बाटोको म्यादबाहेक चौबीस घण्टाभित्र अदालतमा उपस्थित गराएको हुनुपर्छ । तर,

(क) के त त्यसरी उपस्थित गरिएको व्यक्तिको शारीरिक वा मानसिक स्थितिको जाँचसम्बन्धी प्रतिवेदनको एकप्रति अदालतले माग्ने गरेकोछ, अथवा माग्नु आवश्यक ठानेकोछ ?

(ख) के त म्याद थपनिमित्त अदालतमा व्यक्ति उपस्थित गरिँदा राज्यले शारीरिक वा मानसिक स्थितिको जाँचसम्बन्धी प्रतिवेदनको एकप्रति पेश गर्ने गरेकोछ, वा त्यसरी पेश गर्नु आफ्नो कानूनी कर्तव्य ठानेकोछ ?

(ग) यातना विरुद्ध लागिपरेका मानव अधिकारसम्बद्ध व्यक्ति, निकाय वा संस्थाले शारीरिक वा मानसिक स्थितिको जाँचसम्बन्धी प्रतिवेदनको एकप्रति राज्यले पेश गर्नुपर्छ र अदालतले चासो देखाएर बुझिलिनु पर्छ भनेर क्रियाशील हुन किन सकिरहेका छैनन्, अथवा त्यस्तो माग गर्न किन आवश्यक देखेको छैन ?

(घ) यातना लगायत मानव अधिकारको नाममा स्वनामधन्य भएका संयुक्त राष्ट्र सङ्घ लगायका अन्तराष्ट्रिय निकायहरुले यस्तोमा किन आवश्यकता महसुस गरेको छैन ?

(ङ) कानूनी व्यवस्थालाई पालना नगर्नु वा उल्लङ्घन गर्नु कहीँ हाम्रो राष्ट्रिय चरित्र त बनेको छैन ?

मुद्दा दर्तापूर्व नै फौजदारी मुद्दामा उपस्थित गराइएका व्यक्तिहरुको शारीरिक वा मानसिक स्थितिको जाँचसम्बन्धी प्रतिवेदन लिएर अभिलेख अद्यावधिक गर्न सकेमा यातना नियन्त्रण हुनसक्छ भनेर अदालतप्रति गरिएको विश्वास धरायशी हुनुमा कहीँ हाम्रो आफ्नै भूमिका त छैन ? अदालत, राज्य संयन्त्र, मानव अधिकारसम्वद्ध सङ्घसंस्था, अन्तराष्ट्रिय निकायको आजसम्मको भूमिका प्रस्तुत कानूनी व्यवस्थाप्रति सम्वेदनशील देखिएको छैन । दण्डहीनताको संस्कृतिमा यातना नियमित कार्यतालीकाभित्र पर्दछ र यसलाई नियन्त्रण वा न्यून गर्न अदालतप्रति गरिएको विश्वासलाई साकार तुल्याउन आजै सबैजना लागिपर्नु पर्ने पर्छ । विद्यमान कानूनलाई कार्यान्वयन गर्न सकिएमा राज्य संयन्त्रले शारीरिक वा मानसिक यातना दिएको वा नदिएको भन्ने सम्बन्धमा स्वतन्त्र मानिएको अदालतले पहरेदारको काम गर्नपर्छ भन्ने मान्यता कार्यान्वयन गरिनुपर्छ ।

अन्यथा यातना दिवसको मूल्य र मान्यता मात्र ठहरिने त होइन ?

शुभ होस् !

**अनुसूचि २**

**विज्ञहरुको विचार**

१. **अधिवक्ता रविन्द्र भट्टराई** : यातनालाई अन्तर्राष्ट्रिय फौजदारी अदालतको क्षेत्राधिकारभित्र राखिएको छ । यो मानवता विरुद्धको अपराधमा पर्दछ । नेपालले यातना सम्बन्धी महासन्धिलाई अनुमोदन पनि गरेको छ । न्यायको प्रयोजनमा यातनाको समस्या अन्योल ग्रस्त छ । अधिकांश यातनाका घटनाबाट पीडितले न्याय पाउन सकिरहेको स्थिति छैन । सरकारी वकील लगायत अनुसन्धानका निकायहरुको कमजोरी पनि यहाँ विद्यमान छ । त्यस्तै गरी पीडितका पक्षमा न्यायाधीश संवेदनशील हुन सकेको पनि पाइदैन । पीडितले न्याय पाउन सक्दा मात्र न्याय प्रतिको आस्था बढ्छ । अनुसन्धान गर्ने अधिकारीहरुले न्यूनतम अनुसन्धानका आचारसंहिताहरु पालना गरेको पाइदैन । यातना तथा कुटपीट नगरी सत्य खुल्दैन भन्ने मानसिकता विद्यमान छ । पक्राउ गरेको २४ घण्टाभित्र अदालतमा उपस्थित गराएको केसहरु विरलै छन् ।

२. **डा. सुन्दरमणि दीक्षित** : डाक्टरको पेशा राजनीतिकसँग कहिलेकाँहि जोडिने गर्दछ । मैले थुप्रै बिरामीहरुलाई उपचारका लागि सिफारिस गर्दा राजनीतिक दवावहरुको सामना गरेको छु । मैले एउटा मानसिक यातनाको विरामीलाई ८ महिनासम्म वीर अस्पतालमा राखिदिएँ, यो पञ्चायत कालको कुरा हो । त्यो बेला निकै राजनीतिक दवावहरु पनि मलाई आए । यद्यपि पेशागत मर्यादाले राजनीतिक दवाव स्वीकार्न सक्दैनथें । यस्ता दवावहरुले ममा खासै फरक पनि पारेन । हामीजस्ता पेशाकर्मीहरु कानुनी पाटोमा पूर्ण रुपमा सेचत हुन आवश्यक रहेछ । पक्राउ परेको व्यक्तिलाई २४ घण्टा भित्रमा अदालतमा उपस्थित गराउनु पर्ने प्रावधान मलाई थाहै थिएन ।

३. **प्रदीप पोखरेल, अध्यक्ष हुडेपा** : यातनालगायत न्यायिक उपचारका विषयवस्तुहरु राजनीतिक संस्कृतिसँग जोडिएको हुँदो रहेछ । राजनैतिक संस्कारमा परिवर्तन नआएसम्म यातना या मानव अधिकारको स्थितिमा सुधार हुन सक्दैन । त्यस्तै गरी यातनाजन्य समस्याको सन्दर्भमा हामीकहाँ सीप, साधन, श्रोत र दक्षताको पनि कमी रहेको छ । जसले गर्दा अपराध अनुसन्धान अधिकारीहरुले अनुसन्धानको विधि नै यातना हो भन्ने मानसिकता बोकेको पाइन्छ । अनुसन्धानका उपकरणहरु पनि हाम्रा प्रहरीसँग छैनन् । थुनुवाहरुको अवलोकन गर्दा कारगारको भन्दा खाद्य संस्थानका गोदाममा थुनिएका थुनुवाहरुको स्थिति राम्रो पाइएको छ । अवस्थामा सुधार ल्याउनका लागि हामीले हाम्रो संस्कृतिका रुपान्तरण गर्न आवश्यक छ । यसलाई एउटा अभियानकै रुपमा अघि बढाउनु पर्दछ । राजनीतिक तहमा इच्छा शक्ति र इमान्दारीताको त्यतिकै खाँचो छ ।

४. **अधिवक्ता अनिता सापकोटा (चापागाईं)** : पीडितको न्यायका विषयमा हाम्रो संविधान मौन छ । कतिपय संविधानमा भएका प्रावधानहरुले अपराधीहरुलाई नै बल पुर्‍याइरहेको अवस्था पनि छ । यातना, यातना पीडित र न्यायका विषयवस्तुहरु कानुनी मुद्दा हुन्, यस्ता मुद्दाहरुलाई उच्च तहमा कानुनी प्रत्याभूति गरिनु पर्दछ । यसका लागि हामी आफैले प्रयास गर्नुपर्दछ । हामीकहाँ बलात्कारजन्य अपराधका हकमा छुट्टै इजलास (क्यामेरा कोर्ट) छैन । यस्ता कुराहरुमा गैर सरकारी क्षेत्रबाट कति आवाज उठाउने ? यस विषयमा अदालतले पनि चासो राख्नुपर्ने हो तर अदालतले चासो राखेको उदाहरण छैन । कमजोर कार्यान्वयन पक्षको विद्यमानतामा राज्यका निकायहरु उदासिन छन् भन्ने प्रतिक हुन्छ । यो स्थिति हुनु भनेको राज्य संयन्त्र निकम्मा हुनु हो । यो स्थितिमा कानुन अक्षरमै सीमित रहन्छ । कानुन निर्माणको प्रक्रिया पनि पारदर्शी छैन । कानुन निर्माणको प्रक्रिया पारदर्शी भयो भने यसले कार्यान्वयनको प्रक्रियालाई सरल बनाउँछ ।

५. **अधिवक्ता टीकाराम पोखरेल** : यातना सम्बन्धी कानुनमा अपूर्णता रहेको छ । विद्यमान कानुनी व्यवस्थाहरु अपुग छन् । पूर्ण र प्रभावकारी कानुन निर्माण गर्दै यातना विरुद्धको अभियानलाई सशक्त बनाउनुपर्ने आवश्यकता छ । नेपालमा पैंतीस हजारभन्दा बढी यातना पीडितहरु रहेका छन् । यी पीडितहरुमध्ये विरलै मात्र अदालतमा जान्छन् । यातनाका लगभग २५० वटा मुद्दाहरु अदालतमा गएको देखिन्छ । तीन हजार देखि पैतीस सय उजुरी राष्ट्रिय मानव अधिकार आयोगमा परेको देखिन्छ । अदालतको प्रक्रिया अत्यन्त लेन्दी छ । यद्यपि ४२ वटा मुद्दामा अदालतले यातना ठहर गरेको छ । यातनामा क्षतिपूर्ति कै कुरा गर्ने हो भने करिब ३५ जना यातना पीडितमध्ये ४ जनाले यातना क्षतिपूर्ति पाएका छन् । सबैभन्दा बढी यातना क्षतिपूर्ति पाउने धनकुटाका गणेश राई हुन् जसलाई एक लाख रुपैयाँ यातना क्षतिपूर्ति दिइएको छ । विभागीय कारवाही गर्नु भन्ने आदेश भएपनि हालसम्म एकजनालाई पनि विभागीय कारवाही हुन सकेको छैन । त्यसैले यातना विरुद्ध संयुक्त र सशक्त रुपमा अघि बढ्नु पर्छ ।

६. **सन्ध्या बस्नेत** : ढिलै भएपनि हामीले फौजदारी न्यायका बारेमा बोल्न थालेका छौं । यातना विरुद्ध सचेतनाको आवश्यकता व्यापक खड्किएको छ । न्यायाधीशदेखि लिएर कानुन कार्यान्वयन गर्ने निकायसम्म सचेत हुन आवश्यक छ । विभागीय कारवाहीका लागि जिम्मेवारहरुलाई बढी सचेत र सतर्क बनाउन आवश्यक छ । यातनाको सन्दर्भमा लैंगिक संवेदनशीलताको मुद्दा पनि महत्वपूर्ण हो । यी सबै कुराहरुलाई समेटेर तालिम लगायत अभियानमुखी कार्यक्रमहरु सञ्चालन गर्नु आवश्यक छ ।

७. **अधिवक्ता हरिबहादुर कार्की :** धेरै बन्दीहरुले यातना पाएका छन् । कतिपय जिल्ला अदालत र पुनरावेदन अदालतबाट न्याय नपाएका बन्दीका मुद्दाहरु सर्वोच्च अदालतमा लगिएका छन् । सर्वोच्च अदालतबाट समयमा न्याय प्राप्त हुन नसकेका धेरै उदाहरणहरु छन् । हामीले यातना विरुद्धको सचेतनालाई जोड दिनु पर्दछ ।